छलफल तथा निणयहरु

१. आयोगका नवनियुक्त माननीय उपाध्यक्ष डा. स्वर्णिम वाग्लेलाई आयोगका सदस्यहरु तथा सदस्य सचिवबाट हार्दिक बधाइ ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना दिइयो । साथै, आयोगका निवर्तमान उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठलाई उहाँले गर्नुभएको सेवा तथा पुर्‍याउनु भएको योगदानका लागि धन्यबाद ज्ञापन गरियो ।

२. संघीय संरचना अनुकूल हुनेगरी तीनै तहका सरकारका योजना प्रक्रिया र तहगत योजनाहरुवीचको अन्तरसम्बन्धको स्वरुपनिर्धारण गर्ने । साथै, विगतमा भएका कार्यहरुलाई संश्लेषण गर्दै योजना आयोग तथा आयोगको सचिवालयको पुनःसंरचना तीन महिनाभित्र टुंग्याउने ।

३. नेपाललाई अल्पविकसित राष्ट्रहरुको समूहबाट स्तरोन्नति र सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रको स्तरमा पुर्‍याउने गरी सहभागितामूलक हिसाबले दीर्घकालीन विकासको सोच तथा योजना २०७४ मार्ग मसान्तभित्र मस्यौदा गर्ने ।

४. मुलुकको आर्थिक सम्बृद्धिका निमित्त आबश्यक पर्ने रणनीतिक पूर्वाधार र उत्पादनमूलक क्षेत्रमा स्वदेशी तथा विदेशी लगानीका लागि अनुकूल वातावरण सिर्जनाका लागि नीतिगत, कानुनी तथा अन्य आर्थिक सुधारका कार्यक्रमहरु शीघ्र अगाडि बढाउने ।